जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १२, अङ्क- २८, २०८० फागुन १० गते विहीबार, 22 Feb. 2024, नेपाल सम्वत्-११४४ पृष्ठ-६, मूल्य रु. ५/-



अन्तराष्ट्रिय क्षेत्रमा चिनिदै हर्नामाडी

आहा मुर्तिपार्क

○ सरिता दाहाल

मकवानपुर । ११ वर्ष अघि नेपालमा पहिलो पटक अन्तराष्ट्रिय मुर्तिकला कार्याशाला मार्फत निर्माण गरिएको २३ वटा मुर्तिहरु राखिएको मकवानपुरको मुर्ति पार्कलाई अझै आकर्षक बनाउन यस आर्थिक वर्षमा सवा करोड बराबरको संरचनाहरु निर्माण हुने भएका छन् ।

मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका वडा १८ मा रहेको मुर्ति पार्क अझै हराभरा र आकर्षक बनाउन बागमती प्रदेश सरकार र हेटौंडा उपमहानगर पालिकाको सहकार्यमा मन्दिर, पुष्प बगैंचा, सेल्फि पोइन्ट, कम्पाउण्ड, ललितकला संरक्षण भवन निर्माण गर्न लागिएको हेटौंडा १८ का वडा अध्यक्ष अनिल बानियाँले बताए ।

“अहिले पार्कको प्रवेशद्वार दायाँबायाँ पुष्प बगैचाको निर्माण गरी सेल्फि पोइन्ट बनाउने योजना छ” बानियाँले भने “कम्पाउण्डभित्र रहेको कैलाश पर्वत नजिकै आकर्षक बगैंचा निर्माणाधिन छ ।” पानीको समस्याको कारण पुष्प बगैंचाको व्यवस्थापन गर्न समस्या रहेकोमा अहिले पानी पर्याप्त भएपछि पुष्प पार्क निर्माण गर्न लागिएको उनले बताए । खानेपानी बोर्डको ट्याङ्की राख्न दिए वापत पार्कको लागि आवश्यक पानी नि:शुल्क प्राप्त छ, पानी २४ औं घण्टा आइरहन्छ । क्यारीएर सहितको पुष्प पार्कले लुक्स अझै बढाउने अपेक्षा गरीएको छ । पार्कमा फुटपाथ निर्माणपछि पार्क झनै आकर्षक बनेको छ ।

यसै आर्थिक वर्षभित्र पार्कमा उपमहानगर पालिकाको आफ्नै बजेटबाट फूलबारीको लागि ८ लाख लगानी हुँदैछ । यसैगरी बागमती प्रदेश सरकारको ३० लाख लगानीबाट दुप्चेश्वर मन्दिर निर्माण हुँदैछ । यसैगरी प्रदेश सरकारकै १५ लाख लगानीमा कम्पाउण्ड बन्ने छ भने ६५ लाख बजेटमा कला घर निर्माण हुँदै छ । लितकला आर्टको संरक्षणार्थ आधुनिक संरचनाको भवन बन्नेछ । यसको लागि डिपीआर सकिएको अध्यक्ष बानियाँले बताए । ११ विगाहा जमिनमा फैलिएको पार्कमा बुद्ध मुर्तिको स्थापनापछि पर्यटकको चाप झनै बढेको वडा सचिव दिपेन्द्र ढकालले बताए । पिकनिक स्टलको कारण बिदाको दिन आन्तरीक पर्यटकहरुको चाप लाग्ने गरेको सचिव ढकालले बताए ।

पार्कभन्दा तल झाडिको रुपमा रहेको खुल्सामा ९ फिट अग्लो र १४ फिट लम्बाइ भएको एउटै ढुङ्गाबाट शिवलिङ्ग बनाइने तयारी भएको हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क रम्तेलले बताए । यो मन्दिर छानाबिनाको हुनेछ । कालिगढहरुको चेकजाँज गरी ढुङ्गाको पहिचान समेत टुङ्गो गरिएको रम्तेलले बताए । आगामी आर्थिक वर्ष पुन: अन्तराष्ट्रिय स्तरको मुर्तिकला कार्यशाला गरेर यसै स्थानमा केही मुर्ति थप्ने योजना रहेको रम्तेलले बताए ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान,पर्यापर्यटकीय पार्क गुम्बाडाँडा र समसामयीक नेपाली मूर्तिकार समूह (आरम्भ) को संयुक्त आयोजनामा २०६९ मंसिर ११ गतेदेखि २३ गतेसम्म प्रथम अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला(२०६९ भएको थियो । झण्डै ४० लाख खर्चेर ललितकला अनुसन्धान स्थलको रुपमा विकास गर्ने उद्देश्यले निर्माण गरिएको मूर्तिपार्क २३ वटा मुर्तिहरु छन् । नेपाल सहित विभिन्न ६ राष्ट्रका २३ जना कलाकारहरुले ढुङ्गामा कुदेका हुन् ।

मुर्तिहरु मार्फत प्रकृतिका अनेकन रुपहरु र मानवीय शक्ति देखाउने जमर्को गरीएको छ । इटालीका मुर्तिकार बेटीनो फ्रान्सीनीले विश्वको पहिलो आमाको परिकल्पना गरी ढुङ्गाको मुर्ति बनाएका छन् । जसलाई मुर्तिपार्कको मध्यभागमा राखिएको छ । यसैगरी दक्षिण कोरियाका मुर्तिकार शीम जूम् शूले औद्योगिक वातावरणको परिकल्पना गरि एउटै ढुङ्गामा कलाको प्रस्तुति गरेका छन् ।

जापानका मुर्तिकार सूगीमोतो जुन यूचीरोले प्रकृतिमा पुष्ट छिप्पिएको भटमासको कोसा बनाएका छन् । यसैगरी मकवानपुरका स्थानीय कलाकारहरु लक्ष्मण भुजेलले उत्सुकताको मुर्ति र अर्का स्थानीय कलाकार ओमभक्त भण्डारीले भगवान गणेश एवम् कछुवाको स्वरुपको मुर्ति बनाएका छन् । यसैगरी रुपन्देही जिल्लाका बुद्ध थारुले ढुङ्गाको आकारलाई कुदेर “बुद्धको अर्थ आकार एवम् अष्टमंगल” बनाएका छन् ।

कलामा भरिएको आकर्षण

पाश्चात्य जगतका महान् आचार्य अरिस्टोटलले भनेको छन् “कला प्रकृतिको अनुकृति हो ।” शहरी कोलाहालयुक्त वातावरणबाट पर, वनको बिचमा रहेको यहाँ घुम्न आउँदा विछट्टै आन्दानुभुति हुने साहित्यकार छवि अनित्य बनाउँछन् ।

नेपालमा मूर्तिकलाको विकास मल्लकालमा उत्कर्षमा पुगेको इतिहासमा ब्याख्या गरिएको छ । त्रिविक्रम मल्लले बनाएको मानदेब कालिन वामन मुर्ति नै नेपालको प्रामाणिक सबभन्दा पुरानो मुर्ति मानिन्छ । ललितकला अनुसन्धान स्थलको रुपमा विकास गर्ने उद्देश्यले निर्माण गरिएको मूर्तिपार्क हेटौंडा उपमहानरपालिकाको वडा-१८ मा अवस्थित छ ।

हेटौंडा उपमहानगरपालिका मुख्य बजारबाट १८ किलोमिटर पूर्वमा पर्ने हर्नामाडीको साविक गुम्बा डाँडा सल्लाघारी सामुदायिक वनमा मुर्ति पार्क निर्माण गरिएको थियो । अन्तराष्ट्रिय मुर्तिकला महोत्सव चलिरहदा देश विदेशमा चर्चा पाएको यो स्थलको चर्चा बढाउनको लागि पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न प्याकेज कार्यक्रम ल्याइएको वडा अध्यक्ष बानियाँ बताउँछन् ।

आगमी वर्ष फेरी मुर्तिकला कार्यशाला गरेर थप २ दर्जनको हाराहारीमा मुर्तिहरु थप्ने तयारी गरेको उनले बताए । अहिले भएका मुर्तिहरुमा मानिसले आफ्नो विचार अनुसारको अर्थ लगाउने अवस्था छ, तर अब बन्ने मुर्ति स्पष्ट अर्थ लाग्ने गरी निर्माण गर्ने तयारी भएको उनले बताए ।

यस्ता छन् मुर्तिहरु

मुर्तिपार्कमा मुर्तिहरु प्रकृतिका अनेकन रुपहरु र मानवीय शक्ति देखाउने जमर्को गरीएको छ । इटालीका मुर्तिकार बेटीनो फ्रान्सीनीले विश्वको पहिलो आमाको परिकल्पना गरी ढुङ्गाको मुर्ति बनाएका छन् ।

जसलाई मुर्तिपार्कको मध्यभागमा राखिएको छ । यसैगरी दक्षिण कोरियाका मुर्तिकार शीम जूम् शूले औद्योगिक वातावरणको परिकल्पना गरि एउटै ढुङ्गामा कलाको प्रस्तुति गरेका छन् ।

जापानका मुर्तिकार सूगीमोतो जुन यूचीरोले प्रकृतिमा पुष्ट छिप्पिएको भटमासको कोसा बनाएका छन् । यसैगरी मकवानपुरका स्थानीय कलाकारहरु लक्ष्मण भुजेलले उत्सुकताको मुर्ति र अर्का स्थानीय कलाकार ओमभक्त भण्डारीले भगवान गणेश एवम् कछुवाको स्वरुपको मुर्ति बनाएका छन् ।

यसैगरी रुपन्देही जिल्लाका बुद्ध थारुले ढुङ्गाको आकारलाई कुदेर “बुद्धको अर्थ आकार एवम् अष्टमंगल” बनाएका छन् । काठमाडौका पूर्णकाजी शाक्यले तयार पारेको “शान्तिभूमी नेपाल”, मकवानपुरको बाबुलाल वाइबाले “हामी सबै मिलेर बसौं” भन्ने साँकेतिक मुर्ति तयार गरेका छन् । *बाँकी पेज ५ मा*

मुक्तक मञ्चद्वारा ३ जना सम्मानित

○सहीखबर संवाददाता

मकवानपुर । मुक्तक मञ्च मकवानपुरले ३ जना मुक्तककारलाई सम्मान गरेको छ ।

सोमबार मञ्चको प्रथम अधिवेशन तथा १४ औं मुक्तक वाचन श्रृखला कार्यक्रममा मुक्तककार दीपक समिप (पोखरा), हरिकृष्ण काफ्ले (रौतहट) र बिर्खे अन्जान (मकवानपुर) लाई सम्मान गरिएको हो ।

मुक्तक मञ्च मकवानपुर अध्यक्ष डिबी बर्तौलाले आफ्ना पिताको स्मृतिमा स्थापना गरेको ‘बहादुरानन्द स्मृति मुक्तक सम्मान २०८०’ बाट पोखराका मुक्तककार समिप सम्मानित भए । उक्त सम्मानको राशि ७ हजार ७ सय ७७ रुपैयाँ नगद रहेको छ । गत वर्ष उक्त सम्मानबाट सिन्धुलीका मुक्तककार लोकेन्द्र डहरे सम्मानित भएका थिए ।



यस्तै मुक्तक मञ्च मकवानपुरका उपाध्यक्ष किशन पौडेलद्वारा स्थापित तारा स्मृति सम्मान २०८० बाट मुक्तककार काफ्लेलाई प्रदान गरेको छ । उक्त सम्मानको राशि ७ हजार ५ सय रुपैया रहेको छ । गत वर्ष सो सम्मानबाट मकवानपुरका देवराज खरेल सम्मानित भएका थिए ।

प्रलेस मकवानपुरका अध्यक्ष श्रीराम अधिकारीद्वारा आफ्नो हजुरआमाको स्मृतिमा स्थापित नगद ५ हजार पाँच सय ५५ रुपैयाँ राशिको ‘इन्दिरादेवी स्मृति मुक्तक सम्मानबाट २०७९’ थाहा नगरपालिकाका मुक्तककार बिर्खे अञ्जान सम्मानित भए । गत वर्ष उक्त सम्मानबाट माध्यमिक तह स्तरीय मुक्तक प्रतियोगिता विजेता समर्पण न्यौपाने सम्मानित भएका थिए ।

तीनै जना स्रष्टालाई नेपाली मुक्तक लेखनको क्षेत्रमा योगदान गरेकोमा नगदसहित सम्मान गरिएको मञ्च मकवानपुरले जनाएको छ ।

यस्तै मुक्तक मञ्चलाई विभिन्न माध्यमबाट सहयोग गरेको भन्दै पत्रकार सुजन ढकाल र प्याव्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदी समेतलाई सम्मान गरिएको थियो । मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको अध्यक्षता तथा अग्रज मुक्तककार देवराज खरेलको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा सम्मानित श्रष्टाले ५/५ वटा तथा किशन पौडेल, अजिता ओझा, देव निर्दोष, अनुसिया खनाल, प्रविना प्रयासीलगायतले मुक्तक वाचन गरेका थिए ।

मुक्तक मञ्च मकवानपुर तिमल्सिना

मुक्तक मञ्च मकवानपुरको अध्यक्षमा सागर तिमल्सिना चयन भएका छन् । सोमबार भएको प्रथम अधिवेशनले तिमल्सिनाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

यस्तै मञ्च उपाध्यक्ष मेनु तिमल्सिना, सचिव सुवास सजल, सहसचिवमा स्वस्तिका बाँनिया र अजर फुयाँल, कोषाध्यक्ष मिथिला अधिकारी चयन भएका छन् । यसैगरी सदस्य अनु रोक्का, बैकुण्ठ लामिछाने, कमल नेपाल, देव निर्दोष र प्रयासी प्रविना चयन भएका छन् ।

२०८० फागुन १० गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिका दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

उत्पादन बढाऔ

कृषि प्रधान देशमा लगातार कृषि उत्पादन घट्दो छ । पछिल्लो उदाहरण हो बागमती प्रदेशको धान उत्पादनको नतिजा । बागमती प्रदेशमा गत आर्थिक वर्षको तुलनामा यस वर्ष धान उत्पादन ४.०२ प्रतिशत घटेको छ । प्रदेशको कृषि विकास निर्देशनालयको तथ्याङ्क अनुसार धान उत्पादन घटेको हो । प्रदेशको १३ जिल्लामध्ये तुलनात्मक रुपमा चितवन र मकवानपुरमाधान उत्पादन घटेको हो । प्रदेशका १३ जिल्लामा यस वर्ष १ लाख ४ हजार ८४९.७० हेक्टर क्षेत्रफलमा धान खेती गरिएको थियो। जसबाट ४ लाख ३५ हजार ४२.६९ मेट्रिकटन उत्पादन भयो ।

गत आर्थिक वर्ष (२०७९/०८०) मा प्रदेशभर १ लाख १५ हजार ९५ हेक्टरमा धान खेती हुँदा ४ लाख ६७ हजार ७०५.५१ मेट्रिक टन उत्पादन भएको थियो । चितवनमा यस वर्ष २० हजार ८११.७० हेक्टर जमिनमा ८१ हजार १६५.६३ मेट्रिक टन धान उत्पादन भएको छ । गत आर्थिक वर्षको अनुपातमा चितवनमा १९.३४ प्रतिशतका दरले धान उत्पादन घटेको तथ्याङले देखाउँछ । गत आर्थिक वर्ष चितवनमा २२ हजार ८८० हेक्टरमा धान खेती हुँदा १ लाख ६२८ मेट्रिक टन उत्पादन भएको छ ।

प्रदेशमा धानबालीमा देखिएका विभिन्न रोग र प्राकृतिक कारणले समेत उत्पादन घटेको देखिन्छ। वैदेशिक रोजगार प्राथमिकतामा रहने परिपाटीले पनि कृषि उत्पादन घटेको छ । धान उत्पादन घटेको एउटा उदाहरण मात्रै हो। समयमा वातावरण अनुकुल नहुँदा वा अन्य कारण उत्पादन घटेको सवाललाई सम्बोधन गर्न तीनै तहको सहरकारी तहबाट विश्लेषण गरी समाधान खोजिनु जरुरी छ ।

अछरीको पत्रकारिता प्यासन

निकै रिसाएका पतिले कि पत्रकारिता कि मलाई रोज भने । त्यो सुनेपछि अछरी निकै भावुक भइन् र निकै बेर विवाद चलिरह्यो । अन्तमा उनले पतिसँग एउटा सम्झौता गरिन् । अहिले पनि त्यो दिन सम्झदा उनी भावुक हुन्छिन् । 'जुन दिन तपाईंले मेरो चरित्रमाथि प्रश्न उठेको सुन्नुभयो त्यो दिनदेखि म पत्रकारिता छोड्नेछु । तर मलाई पत्रकारिता छोड्न कहिल्यै नभन्नुहोला । विगत सम्झदै उनी भन्छिन्, 'त्यसपछि उहाँले मलाई रोक्नुभएन ।'

रूपा गहतराज



बाँके नेपालगन्जकी अछरी पोखरेलले २२ वर्षको उमेरमा विवाह गरिन् । सरकारी जागिरे श्रीमान्, नपुग्दो केही थिएन । विवाहपछिको घरजम अनि दुई छोरालाई हुर्काउँदा जिन्दगी आफ्नै लयमा बितिरहेको थियो । २०५७ सालको घटना हो । छिमेकमा एउटी महिलालाई आफ्नै श्रीमान् र कान्छी पत्नी मिलेर हत्या गरेको घटनाले उनलाई स्तब्ध बनायो ।

सन्तान नभएपछि आफ्नै पतिको अर्को विवाह गरिदिएकी ती महिलाले अन्ततः मृत्यु भोग्नुपरेको घटनाले अछरीलाई भित्रैबाट झस्काइदियो । त्यो घटनाले उनी धेरै रात सुत्न सकिनन् । ती महिलाको पीडाले उनलाई भित्रभित्रै पोलिरह्यो । एउटी महिलाको जीवनको के नै मूल्य रहेछ र आफ्नै परिवारबाट एउटी महिला कसरी असुरक्षित बन्न पुगिन् । पतिलाई सन्तान प्राप्तिको खुसी दिन खोज्दा एउटी महिलाले आफ्नै लागि मृत्युको बाटो तय गर्नुपऱ्यो ।

यी सबै प्रश्न अछरीको मनमा उठिरहे । उनले यही विषयमा एउटा लेख तयार गरिन् । भोलिपल्ट क्याम्पसका साथीहरूलाई त्यो लेख देखाइन् । सबैले त्यसलाई पत्रिकामा छपाउन सुझाव दिए । उनले नेपालगन्ज एक्सप्रेस पत्रिकाका सम्पादकलाई त्यही लेख देखाइन् । २०५७ साल मंसिर ११ गतेको पत्रिकामा त्यो लेख प्रकाशित भयो । त्यसपछि उनको पत्रकारिताको यात्रा सुरु भयो ।पत्रिकामा प्रकाशित आफ्नो नामसँग उनलाई प्रेम बस्यो ।

उनी अर्को दिन फेरि अर्को लेख लेख्न थालिन् । कार्यक्रममा जाने अनि त्यहाँको गतिविधि टिप्दै उनले समाचार लेख्न सुरु गरिन् । स्नातकसम्म अध्ययन गरेकी अक्षरीले फिल्डमा पुगेर समाचारहरू तयार गर्न थालिन् । 'पत्रकार बन्छु भनेर म यो क्षेत्रमा आएकी होइन तर एउटा घटनाले मलाई पत्रकार बनाइदियो' उनले भनिन् ।

माओवादी जनआन्दोलन उनलाई सम्झना छ । २०५८ सालको कुरा हो । नेपालमा सशस्त्र द्वन्द्व चलिरहेको थियो । पुलिस चौकीमा आक्रमण, प्रहरी, माओवादी नियन्त्रण अनि मृत्युका समाचारहरू तयार पार्नुपर्ने हुन्थ्यो ।

दुई दिनसम्म राति १ बजे फर्किन् । तेस्रो दिन पनि घर फर्कदा रातिको एक बजिसकेको थियो । पतिले घरको ढोका खोलिदिएनन् । उनले निकै बेर कर गरेपछि पतिले ढोका खोलिदिए । निकै रिसाएका पतिले कि पत्रकारिता कि मलाई रोज भने । त्यो सुनेपछि अछरी निकै भावुक भइन् र निकै बेर विवाद चलिरह्यो । अन्तमा उनले पतिसँग एउटा सम्झौता गरिन् ।

अहिले पनि त्यो दिन सम्झदा उनी भावुक हुन्छिन् । 'जुन दिन तपाईंले मेरो चरित्रमाथि प्रश्न उठेको सुन्नुभयो त्यो दिनदेखि म पत्रकारिता छोड्नेछु । तर मलाई पत्रकारिता छोड्न कहिल्यै नभन्नुहोला । विगत सम्झदै उनी भन्छिन्, 'त्यसपछि उहाँले मलाई रोक्नुभएन ।'

त्यतिबेला मिडियामा काम गर्ने महिलाको संख्या थोरै थियो । उनी रिपोर्टिङमा जाँदा पनि प्रायः एक्लै जान्थिन् । आधनो कामबाहेक अरुसँग खासै सरोकार राख्दिनथिन् । तर पनि उनलाई त्यो यात्रा गर्न सहज भने थिएन । दुई छोरा हुर्काउँदै पत्रकारितामा टिक्नु सहज भएन । त्यतिबेला उनका जेठा छोरा पाँच वर्ष र कान्छा छोरा साढे तीन वर्षका थिए । रातबिरात घर आएर खाना पकाउनु, जुनसुकै बेला पनि रिपोर्टिङका लागि तयार हुनुपर्ने, छोराहरूलाई समय दिन नपाउने कुराले उनलाई पीडा दिन्थ्यो । तर पनि उनको लगनशीलताले त्यो सिलसिला रोकिएन ।

आफ्नो लक्ष्यलाई भेटाउन समय व्यवस्थापन गरेर काम गर्न सकियो भने सफल अवश्य भइन्छ । अछरीले भनिन्, 'पत्रकारितालाई मैले प्यासन बनाँए । त्यसैले जस्तोसुकै अवस्थालाई व्यवस्थापन गर्न असहज भएन ।'

पाँच वर्षसम्म नेपालगन्ज एक्सप्रेसमा संवाददाता हुँदै उनी प्रमुख संवाददाता बनेर काम गरिन् । २०६१ सालमा त्यही पत्रिकाको सम्पादक बनिन् । उनको पत्रकारिताप्रतिको लगाव अनि अनुशासन देखेर उनलाई २०६१ सालमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा प्रदान गरिने महिला सशक्तीकरण पत्रकारिता पुरस्कारबाट पुरस्कृत गरियो । 'जीवनको त्यो पहिलो पुरस्कारले मलाई थप हौसला प्राप्त भयो । श्रीमान् तथा परिवारले मेरो कामको सही मूल्यांकन भएको कुरा बुझे।' उनले भनिन्, 'पुरस्कार पाएपछि पत्रकारिताबाट नहराउनू भन्ने शब्दले मलाई थप लगनशील भएर पत्रकारिता गर्ने आत्मबल बढ्यो ।'

अरुको पत्रिकामा काम गर्दा आफूले सोचेअनुसारको काम गर्न नसकेपछि उनले २०६२ सालमा आफ्नै महिला संचार साप्ताहिक पत्रिका प्रकाश गर्न थालिन् । सफलताका सबै आ-आफ्नै मापदण्ड होलान् अछरीका लागि सफलता कुनै ठूलो कुरा थिएन । उनी लेखेर आफ्नो नामले चिनिन चाहन्थिन् । विवाह नहुँदै भन्दा विवाह गरेर बच्चा जन्मिसकेपछि पत्रकारिता गरेकाले उनलाई कहिल्यै रोकिनु परेन । २९ वर्षको उमेरदेखि पत्रकारिता गरिरहेकी उनी अहिले ५२ वर्षको उमेरमा पनि उत्तिकै सक्रिय छन् ।

त्यही नै मेरो लागि राम्रो पक्ष थियो । बच्चाहरू हुर्कदै थिए सँगसँगै मेरो पत्रकारिता पनि बढ्दै गयो । अछरीले भनिन्, 'कुनै पनि काममा निरन्तर लागेपछि सफलता हात पर्ने रहेछ ।' उनी रिपोर्टिङका लागि फिल्डमा पुग्दा प्रायः एक्ली महिला हुन्थिन् । तब उनलाई महिला पत्रकार भनेर हेर्ने गरिन्थ्यो । उनलाई महिला भएर किन पत्रकारिता गर्नुपऱ्यो भनेर सधै एक्लो बनाइन्थ्यो । नबुझेको कुरामा कुनै प्रश्न सोध्दा सबै हाँस्ने महिला भएकै कारण उनले चुनौती भोगिरहिन् ।

महिलालाई केही जानकारी हुँदैन उनीहरू सक्षम हुँदैनन् भन्ने पुरुष दृष्टिकोणले उनलाई सधै पीडा दियो ।अछरीका अनुसार अहिले पनि महिलालाई हेर्ने नजर फेरिएको छैन तर अहिलेका महिला प्रतिकार गर्न सक्छन् । आफूलाई दबाउन खोज्नेलाई जवाफ दिन र विभेदविरुद्ध आवाज उठाउन सक्छन् ।

नारीबाट साभार

२०८० फागुन १० गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

बागमती प्रदेशमा मानव अधिकारको अवस्था सबैभन्दा नाजुक



○ संझना घिमिरे

मकवानपुर । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा नै भनिएको छ “सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन्, उनीहरु विवेक र अन्तस्करणले युक्त भएका हुन्छन्, उनीहरुले भातृत्वको भावना लिएर एक अर्काप्रति व्यबहार गर्नुपर्छ ।”

विश्वव्यापि घोषणा पत्रले यसो भनेको भए पनि यसको पूर्णत: कार्यान्वयन भएको पाइदैन । यसको पछिल्लो उदाहरण हो देशभर मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना बढेको तथ्यांक ।

अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले “नेपाल मानव अधिकार पुस्तक २०२४” सार्वजनिक गऱ्यो । उक्त पुस्तकले देखाउँछ कि, देशभरमा बागमती प्रदेशमा मानव अधिकारको प्रत्याभूत अझै कमजोर छ । अन्य प्रदेशमा भन्दा बागमती प्रदेशमा मानव अधिकारको अवस्था नाजुक रहेको तथ्याङ्क सार्वजनिक भएको छ ।

मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना अघिल्लो वर्षभन्दा गत वर्ष सन् २०२३ बढेको छ । मानव अधिकार उल्लंघन तथा ज्यादतीका २ हजार १२ वटा घटना बढेको पुस्तकमा अभिलेख छ । सन् २०२२ मा यस्ता घटनामा ७ हजार ३७६ जना पीडित थिए भने सन् २०२३ मा ९ हजार ३८८ जना पीडित भएका छन्।

पीडितलाई कसरी न्यायानुभुती दिलाउने भन्ने सवालमा यो तथ्याङ्कले प्रश्न जन्माएको छ । मानव अधिकार प्रत्याभूतको लागि नेपालमा कानूनहरु पर्याप्त भएपनि कार्यान्वयनमा समस्या भएको स्पष्ट देखिन्छ । “कानून कमजोर शसक्त भएको तर कार्यान्वयनको पाटो कमजोर रहेको बारे बहस चल्लने गरेको छ, कतिपय कानून नै कमजोर छन्” हिमराइट्स मकवानपुर प्रमुख कुमारी वाइबा भन्छिन् ।

मानव अधिकारको अवस्था सबैभन्दा कमजोर बागमतीमा रहेको पुस्तकको तथ्याङ्कले देखाउँछ, यसपछि मधेश प्रदेश, र कोशी प्रदेश छन् । मानव अधिकारको अवस्था सबैभन्दा राम्रो रहेको प्रदेशमा सुदूरपश्चिम रहेको छ, भने त्यसपछि क्रमश: गण्डकी र कर्णाली प्रदेश छन् ।

शारीरिक हिंसा प्रतिबिम्बित हुने मानव अधिकार उल्लघंनको समग्र सूचकाङ्कमा ८५.२४ अंकले बागमती प्रदेश सबैभन्दा पछाडी रहेको छ । यसैगरी मधेश प्रदेशले ६४.३९ अंक प्राप्त गरेको छ भने कोशीले ४९.८१, लुम्बिनीको ४२.१२, कर्णालीको ३१.२५, गण्डकीको १६.३६ र सुदूरपश्चिमको ९.५१ अंक पाएका छन् ।

सात प्रदेशमध्ये संघीय राजधानी रहेको बागमतीमा मानव अधिकारको अवस्था सबैभन्दा नाजुक छ भने सुदूरपश्चिम प्रदेश उत्कृष्ट श्रेणीमा छ ।

मानव अधिकार उल्लघंनको अवस्था विश्लेषण गर्दै सन् १९९२ देखि वर्ष पुस्तक प्रशासन गर्दै आएको इन्सेकले पहिलो पटक सुचाङ्कको आधारमा नतिजा सार्वजनिक गरेको हो । ‘नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४’ मा पहिलो पटक मानव अधिकार उल्लंघन सूचकांक सार्वजनिक गरेको हो । यसको लागि शारीरिक हिंसाका १४ क्षेत्रहरू अनुसार सात प्रदेशको सापेक्षित स्थितिको विश्लेषण गरिएको थियो । ती क्षेत्रमा अपहरण, गिरफ्तारी, कुटपिट, बाल अधिकार, जेलमा मृत्यु, हिरासतमा मृत्यु, बेपत्ता, अमानवीय व्यवहार, घाइते, हत्या, धम्की, यातना, भेला हुने अधिकार र महिला अधिकारका क्षेत्रहरु छन् ।

श्रीमानबाटै मारिए १०९ जना महिला

इन्सेकमा एक वर्षमा महिला हिंसा सम्बन्धी ५ हजार ९०३ वटा घटना दर्ता भए । जसमा १०९ जनाको हत्य श्रीमानले नै गरेको इन्सेकले जनाएको छ । जसमा बेचबिखन तथा ओसारपसार, बोक्सीको आरोप, बलात्कार, बलात्कार प्रयास, घरेलु हिंसा, यौन दुर्व्यवहार, प्रसूति सेवा र बेचबिखन तथा ओसारपसार प्रयास छन् । पारिवारिक अपराधबाट १४९ जनाले ज्यान गुमाएको वर्ष पुस्तकमा

उल्लेख छ। जसमध्ये ४० जना पुरुष छन्। सन् २०२३ मा मात्रै पतिको हातबाट १०९ जना महिलाको हत्या भएको इन्सेक अध्यक्ष कुन्दन अर्यालले बताए ।

तथ्याङ्क अनुसार गत एक वर्षमा ४५ जना महिला दाइजो सम्बन्धी हिंसामा परेका छन् । दाइजोकै निहुँमा ७ जना महिलाको हत्या भएको तथ्याङ्मा उल्लेख छ ।

असुरक्षाको घेरामा बालबालिका

अहिले देशको सबै स्थानीय शासनलाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने तयारी थालिएको छ, तर बालबालिकाहरु अझै सुरक्षाको घेराभन्दा बाहीर रहेको तथ्याङकले देखाउँछ । नेपालको संविधानको धारा ३९ मा बालबालिका सम्बन्धी हकको व्यवस्था छ, यसको पनि पूर्ण कार्यान्वयन देखिदैन् ।

बलात्कार, यौन दुर्व्यवहार, नवजात शिशुको हत्या, बालविवाह, बेचबिखन तथा ओसारपसार र विद्यालयमा दिइने शारीरिक सजाय जस्ता बाल अधिकार उल्लंघन र ज्यादतीमा पर्नेहरूको संख्या १ हजार ५६५ रहेको छ ।

यसैबीचमा १ हजार २ जना बालिका बलात्कार को शिकार भएका छन् । बलात्कारमा परेकामध्ये ४४ जना ५ वर्ष उमेर समूहमुनिका रहेको अर्यालले बताए । ६ देखि ११ वर्षका १५५ जना र १२ देखि १७ वर्षका ८०३ जना बालिका यो अपराधमा परेको तथ्याङ्कले देखाउँछ ।

बालबालिकाहरुको अवस्था आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक रूपले पनि नाजुक छ । उल्लेखित क्षेत्रमा पछाडि परेका समुदाय र परिवारका बालबालिकाको कुपोषणबाट समेत ज्यान गइरहेको अर्यालले बताए ।

दलित समुदायमा बढी पीडा

संविधानले जात,धर्म, रङ्ग, भुगोलजस्ताको आधार मा विभेद गैरकानूनी भनेको छ तर अझै पनि दलित समुदायका व्यक्तिहरु बढी पीडाको शिकार हुने गरेको तथ्याङकले देखाउँछ । जातजातिका आधारमा हेर्दा मानव अधिकार उल्लंघन र ज्यादतीमा पर्नेहरू दलित समुदायका सबैभन्दा बढी छन्।

जसमा ८ हजार ४ सय जना पीडितमध्ये करीब एकचौथाइ दलित समुदायका छन् । राष्ट्रिय जनगणना अनुसार दलितको जनसंख्या १३.४ प्रतिशत छ। पीडितमध्ये १ हजार ९२९ दलित महिला र १७५ दलित पुरुष छन्। “यस वर्ष ५४ जना जातीय छुवाछूत सम्बन्धी घटनामा परे भने ८ जनालाई सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित गरियो” पुस्तकमा भनिएको छ। पीडितमध्ये आदिवासी जनजाति २ हजार ५६९ र क्षेत्री १ हजार ७०९ जना छन्।

सरकार रक्षक कि भक्षक

सरकार सबै जनताको अभिभावक हो । सुरक्षाको दायित्व बोकेको सरकारबाटै मानव अधिकार उल्लंघनका सबैभन्दा बढी घटना भएको देखिएको छ । अपराध नियन्त्रण र कानून कार्यान्वयन गर्नुपर्ने सरकारबाटै आधारभूत मानव अधिकार समेत पालना नै नभएको टिप्पणी गरिएको छ ।

इन्सेकका अनुसार यस वर्ष सरकारबाट मानव अधिकार उल्लंघनमा ९८८, ज्यादतीमा ८ हजार ४ सय जना पीडित भए । अघिल्लो वर्षको तुलनामा यो २ हजार १२ ले बढी हो ।

सरकारले ६ जनाको हत्या गरेको वर्ष पुस्तकमा उल्लेख छ। प्रहरी हिरासतमा २ जना र कारागारमा ५१ जनाको मृत्यु भयो। हिरासतमा मृत्यु भएका १ र कारागारमा मृत्यु भएका ४ जना महिला थिए ।

यसैगरी यातनाका घटनामा २ जना, गिरफ्तारीका घटनामा २४० जना, जातीय विभेदमा ६२ जना, कुटपिटमा ४१४ जना, अमानवीय व्यवहार मा ३१ जना र भेला तथा संगठित हुने अधिकारमा हननमा ५०५ जना पीडित भएका छन् ।



मानव अधिकार रक्षकको राष्ट्रिय भेला सम्पन्न

मानव अधिकार रक्षकको राष्ट्रिय भेला फागुन ८ गते काठमाडौँमा सम्पन्न भयो । भेलामा इन्सेकका ६५ जिल्ला प्रतिनिधि तथा अन्य मानव अधिकार र क्षकको उपस्थिति रहेको थियो ।

भेलामा मानव अधिकार रक्षकको अधिकार संरक्षणमा कानुनको महत्व, जलवायु परिवर्तनले आम मानिसमा परेको असर, वातावरण मानव अधिकार र क्षकको सुरक्षा र संवर्द्धनमा राज्यको दायित्व, सङ्क्रमणकालीन न्यायका विविध विषयमा छलफल भएको थियो ।

मानव अधिकार रक्षकको सुरक्षा र अधिकार संरक्षणसम्बन्धी कानुनकने आवश्यकता महसुस गर्दै यथाशीघ्र कानुन निर्माण गर्न सरोकारवालाको ध्यानाकर्षण गर्ने भेलाले निर्णय गरेको छ । वातावरणको अधिकार र यससम्बन्धमा कार्य गर्ने मानव अधिकार रक्षकको सुरक्षाका बारेमा भेलाले चासो व्यक्त गऱ्यो ।

वातावरणको अधिकारलाई मानव अधिकारको मुख्य चासोका रूपमा सम्बोधन गर्न इन्सेकले यसको अभिलेख क्षमतामा जोड दिनुपर्ने भेलाले निर्णय गरेको छ । सामाजिक सञ्जालको प्रयोग गरेर महिला तथा बालबालिमाथि हुने गरेको हिंसाका घटनाको अभिलेख गर्ने तथा त्यसविरुद्ध जनचेतनामूलक गतिविधि सञ्चालनको आवश्यकता औंल्याएको छ ।

२०८० फागुन १० गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

चिसोबाट बच्नेबारे सूचना

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा पिऔं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं ।
- न्यानो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बलिबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्लिङ वाक नगरौं,

शुसिल घिमिरे
वडा अध्यक्ष

५ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका, मकवानपुर ।

अपाङ्गताको आधारमा भेदभाव नगरौं

अपाङ्गताको आधारमा कसैलाई पनि

- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं।

- अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं ।
- अपाङ्गताता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं । .

नविन सिग्देल
वडा अध्यक्ष

४ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका, मकवानपुर ।

समयमै जन्म दर्ता गरी कानुनी पहिचान सुनिश्चित गरौं ।



मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,मकवानपुर

सहीखबर

साहित्य/विविध

www.saheekhabar.com

२०८० फागुन १० गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

बुद्ध प्रतिमा आकर्षणको केन्द्र

पार्कको पश्चिम तर्फ निर्माण सम्पन्न गरिएको बुद्धको प्रतिमा अर्को आकर्षणको केन्द्र विन्दु बनेको छ । करिब १ करोडको लागतमा २५ फिट अग्लो ढुङ्गै मुर्ति निर्माण गरिएको छ । यो ललितपुरको बालकुमारीमा मूर्तिकार अमर शाक्यले ढुंगाको मूर्ति कुँदेका थिए ।

बागमती प्रदेश सरकारले मूर्ति प्रतिस्थापन गर्ने स्थान निर्माण र मूर्ति रहने स्थानसम्म पुग्ने सिँढी निर्माणका लागि ३५ लाख रुपियाँ उपलब्ध गराएको थियो । १८ नम्बर वडाले भने ५ लाख रुपियाँ उपलब्ध गराएको थियो । २०७६ को बुद्ध पूर्णिमाका दिन शिलान्यास गरिएको मूर्ति निर्माण तथा स्थापना र उक्त स्थानमा पार्कलगायत संरचना निर्माणका लागि करिब ३ करोड खर्च गरिएको निर्माण समिति अध्यक्ष कमलचन्द्र सुमनले बताए ।

बुद्धमूर्ति निर्माण संयोजन समिति संयोजक सुमनका अनुसार मूर्ति स्थापनासँगै उक्त क्षेत्रमा विभिन्न स्तुपा, ९० किलोको घण्टी, भवनहरु, पानी ट्यांकी, मनोरञ्जन पार्क, कम्पाउण्ड वाल र अन्य संरचना निर्माण गरिएको छ । नेपालमा पहिलो पटक ९० किलोको घण्टी यहाँ राख्न लागेको बताए । “ठुलो घण्टी विश्वमा ६० स्थानमा छ हेटौंडाको यो मुर्ति ६१ औं स्थान हुनेछ” उनले भने ।

रमणीय वातावरण


यातायातको सहज पहुँच, सल्ला, साल र स्थानीय प्रजातिका बोट विरुवाहरुले हरियारी सामुदायिक वनको काखमा अवस्थित यो पार्क मनोरम छ ।

मुख्य हाइवेबाट झण्डै ३ किमी पर, स्थानीय बस्तिभन्दा पनि केही पर रहेको शान्तमय रमणीय वातावरणमा पुगेपछि अन्य साहित्यिक रचना गर्नको लागि समेत उपयुक्त वातावरण बन्न सक्दछ ।

पिकनिक खानको लागि, चिलचित्र तथा भिडियो सुटिङ्गको पनि यो क्षेत्र महत्वपूर्ण रहेको छ । “पार्क







धेरै दृष्टिकोणबाट आकर्षक छ, अझै यसवर्ष थपिने संरचनाले यहाँको गरिमा बढाउने छ” पार्कमा भेटिएका मकवानपुरका पत्रकार रामकुमार दानीले बताए । मुर्तिको सन्निकटमा विशाल स्टेज समेत निर्माण गरिएको जहाँ विभिन्न सार्वजनिक कार्यक्रमहरु गर्न सकिन्छ । यहाँ विश्राम स्थल, पानीको फहरा, बाल उद्यान, पिकनिक स्पोट समेत रहेकोले बिदाको दिन विशेष भीड लाग्ने गरेको अध्यक्ष रम्तेलले बताए । सबै निर्माण कार्य सकिएपछि व्यवस्थापनको लागि न्युनतम प्रवेश शुल्क तोक्ने तयारी भएको छ अहिले पिकनिक स्पोटको लागि ५ सय रुपैयाँ लिने गरिएको र पार्क प्रवेश नि:शुल्क रहेको उनले बताए ।

खोरेत रोगको लक्षण के कस्ता हुन्छन् ?

- सुरुमा पशुले राम्ररी नखाने ।
- मुख तथा गिजामा पानी पोका आउने र पछि फुटेर घाउ बन्ने ।
- राल काढ्ने, जिब्रोमा घाउ बन्ने, झोक्राउने नउग्राउने धेरै ज्वरो आउँने ।
- खुरको कापमा घाउ हुने, कल्चौंडामा फोका उठ्ने र पछि थुनेलो हुने ।
- दुधालु गाई, भैँसीको दूध उत्पादन घट्ने ।
- ब्याउने पशुहरू तुहिन सक्ने र साना बाच्छाबाच्छी, पाडापाडी, पाठापाठी मर्नसक्ने ।

खोरेत रोग सर्ने तरिका के के हुन् ?

- रोगी पशुसित लसपस भएमा, रोगी पशुको र्यालले दुषित दानापानी खाएमा,
- रोगी पशुले फोहोर बनाएको भांडाकुंडामा दानापानी खाएमा,
- रोगी पशुलाई राखेको खोरमा राखेमा, रोगी जनावरको मासु ।
- कांचो दूध र खोरेत विषाणुले दुषित सामान, गाडी आदिको माध्यमबाट
- कुनै मानिस रोगी जनावरको सम्पर्कमा रहेको अवस्थामा निजको श्वास नलीभित्र २४ घण्टा खोरेत विषाणु बाँच्न सक्छ र रोग सार्न सक्छ ।

खोरेत रोग लागे कसरी उपचार गर्ने ?

- मुखको घाउमा फिटकिरी पानीले सफा गर्ने
- खुट्टाको घाउमा पोटास पानी वा डिटोल वा निलो वा १० प्रतिशत कपर सल्फेटको झोलले किरा परेको घाउ सफा गर्ने र कुनै मलम औषधि लगाउने ।
- Broad spectrum antibiotics प्रयोग गर्ने, सुख्खा ठाउंमा उपचार गर्ने
- प्राविधिकको सहयोग लिने,

खोरेत रोग कसरी रोकथाम गर्न सकिन्छ ?

- रोग लागेको पशुको ओसारपसार नगर्ने,
- रोग वरिपरि रहेका स्वास्थ्य पशुहरुलाई खोप लगाउने ।
- गोठलाई सफा गरि राख्ने र पशुलाई सकेसम्म बंधुवा गरि पाल्ने ।
- रोगी पशुलाई बेग्लै राख्ने, दुषित दानापानी माटोमा पुरिदिने ।
- रोगबाट मरेकोलाई पनि गहिरो गरि खाल्डोमा पुरिदिने ।
- निरोगी पशुलाई ६/६ महिनामा खोरेत रोगको एफ.एम.डी. भ्याक्सीन लगाउने ।
- रोग फैलिएको शंका लागेमा नजिकको सेवा केन्द्रमा तुरुन्तै खबर गर्नु पर्दछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती पदेश हेटौंडा, मकवानपुर

हेटौंडा उपमहानगरपालिका

१८ न वडा कार्यालय

कार्यालयको सूचना

बातावरण प्रदुषण रोकौं,

बातावरण प्रदुषणका कारणहरू:

- अव्यवस्थित औद्योगिकीकरण,
- प्राकृतिक स्रोत साधनको जथाभावी उत्खनन,
- जथाभावी फोहर विसर्जन,
- प्रदुषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वन-जङ्गलको विनाश,
- प्लाष्टिकको प्रयोग,
- प्लाष्टिकलगायत अन्य वस्तु जलाउनु,

यस्ता कार्य नगरौं/नगराऔं ।

१८ न वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका
मकवानपुर ।

मच्छिन्द्र र एपीएफ भिड्दै



○आरपी गुरागाईं

मकवानपुर । मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संकरणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको फाइनल खेल आज विहीबार हुँदैछ । फाइनलमा स्थान बनाएका मच्छिन्द्र र सशस्त्र प्रहरी बलको एपीएफले उपाधी जित्ने दाबी गरेका छन् ।

प्रतियोगिता अन्तरगत बुधबार प्रि म्याच कन्फ्रेन्समा मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले प्रतियोगिताको उपाधी जित्नका लागि तयारी गरिएको बताए । खेलाडीहरु शारीरिक रुपमा ठिक भएकाले निर्धारित ९० मिनेटभित्र गोल गर्ने र उपाधी जित्ने तयारी गरेको न्यौपानेले दाबी गरे । यस्तै, एपीएफका म्यानेजर सुशील अधिकारीले आफ्नो टिमले उपाधी जित्नेमा विश्वस्त रहेको बताए । जित्नका लागि नै प्रतियोगितामा सहभागिता जनाउने भएकोले आफूहरु पनि जित्नकै लागि फाइनलसम्म आएको बताए ।

एपीएफले केही समय अघि मात्रै एपीएफले छैठौ संस्करणको मकवानपुर गोल्डकप हात पारेको थियो । यसैगरी मच्छिन्द्रका कप्तान उत्सव राईले यो पटक उपाधी जित्ने लक्ष्य रहेको बताए । मच्छिन्द्रले यो सिजनमा तीन वटा मोफसलका प्रतियोगितामा हार व्यहोरेको थियो । यो पटकको बागमती गोल्डकपको उपाधी भने हात पार्ने उनले बताए । यस्तै, एपीएफका कप्तान सुशील अधिकारीले मकवानपुर गोल्डकप जितेर आत्मबल बढेकाले बागमती गोल्डकप समेत जित्ने दाबी गरे । दुवै टोली पहिलो पटक बागमती गोल्डकपको फाइनलमा प्रवेश गरेको हो ।

यस्तै, बागमती खेलकुद विकास समितीका सल्लाहकार एवम् पुर्व खेलकुद विकास समितीका अध्यक्ष अरुण बलले सहरकेन्द्रीत मात्रै फुटबल प्रतियोगिता भइरहेको अवस्थामा गाउँ-गाउँबाट नै खेलाडी उत्पादन गर्नुपर्छ भन्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्दै आइरहेको बताए । उनले खेलाडी उत्पादनका लागि फुटबल प्रतियोगिता गराइराख्नुपर्ने बताए । उनले फाइनल प्रवेश गरेको दुवै टिमलाई शुभकामना दिए ।

बागमती खेलकुद विकास समितीका उपाध्यक्ष मुक्ति लामाको सभाध्यक्षतामा भएको प्रि म्याच कन्फ्रेन्समा बागमती-४ का वडाध्यक्ष दन्तलाल माझी र मकवानपुर जिल्ला फुटबल संघका सदस्य आशिश थापालगायतको उपस्थिति रहेको थियो ।

प्रतियोगिताको विजेता टिमले १० लाख रुपैयाँ र उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

बागमती गोल्डकपको पहिलो संस्करणको उपाधि हरिहरपुरगढी सिन्धुलीले हात पारेको थियो । दोस्रो संस्करणको उपाधि सरस्वती युवा क्लब काठमाडौंले जितेको थियो भने तेस्रो गोल्डकपको उपाधि जावलाखेल युवा क्लब ललितपुरले प्राप्त गरेको थियो । प्रतियोगिताको चौथो संस्करण उपाधि थ्री स्टार क्लबले हात पार्दा पाचौं संस्करणको उपाधीको विजेता भुट्निज युथ स्पोर्ट्स क्लव अमेरिका भएको थियो । यस संस्करणमा भने उक्त क्लबले सहभागिता जनाएको छैन ।

कार्य सम्पादन सुचाङ्कमा हेटौंडा उपमहानगरपालिका प्रथम



सहीखबर संवाददाता

मकवानपुर । स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कनको आधारमा मकवानपुरको हेटौडा उपमहानगरपालिका प्रथम भएको छ । मकवानपुरका १० वटा स्थानीय तहमध्ये हेटौडा ३७.११ अंकसहित प्रथम भएको हो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहसहित प्रदेश सरकारले प्राप्त गरेको अंक समेत सार्वजनिक गरेको छ । कार्यसम्पादन मूल्याङ्कनको सूचकका आधारमा स्थानीय तहमा वित्तिय समानीकरण अनुदानको अंक निर्धारण हुनेगर्दछ । सार्वजनिक कार्यसम्पादन मूल्याङ्कनमा थाहा नगरपालिका दोस्रो स्थानमा रहेको छ । थाहाले ३६.६६ अंक प्राप्त गरेको छ ।

मकवानपुरका स्थानीय तहमा कार्यसम्पादनमा सबैभन्दा कमजोर बागमती गाउँपालिकाको अंक रहेको छ । बागमतीले कार्यसम्पादन मुल्याङ्कनमा १६.२२ अंक मात्र प्राप्त गरेको छ । आयोगले १७ मध्ये १४ वटा सूचकमा मात्र स्थानीय तहको मुल्याङ्कन गरेको जनाएको छ । कार्यसम्पादन मुल्याङ्कन अनुसार मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिकाले २५.५२ अंक पाएको छ । १४ सूचक मध्ये इन्द्रसरोवरले ८ वटा सूचकमा शुन्य अंक प्राप्त गरेको हो ।

कैलाशले ५ सूचकमा शुन्यसहित ३२.५२, महनरीले ८ सूचकमा शुन्य अंकसहित २९.८४, भीमफेदीले ६ सूचकमा शुन्य अंकसहित ३१.९१ अंक प्राप्त गरेको छ ।

त्यसैगरी मकवानपुरगढीले ६ वटा सूचकमा शुन्यसहित ३१.९७, बकैयाले १० सूचकमा शुन्यसहित २४.८४ अंक र राक्सिराङले ८ सूचकमा शुन्यसहित २४.२४ अंक प्राप्त गरेको छ । सबैभन्दा कमजोर बागमती गाउँपालिकाले ९ वटा सूचकमा अंक शुन्य पाएको छ । जिल्लाकै उत्कृष्ट हेटौंडा उपमहानगर पालिकाले ५ वटा सूचकमा शुन्य अंक प्राप्त गर्दा दोस्रो थाहा नगरपालिकाले ३ वटा सूचकमा मात्र शुन्य अंक प्राप्त गरेको हो ।

यसैबीच ७ प्रदेश मध्ये कोशी प्रदेश कार्यसम्पादन मुल्याङ्कनमा ३० अंकसहित प्रथम स्थानमा रहेको छ । मधेस प्रदेशले २२.३१, बागमती प्रदेशले २७.२९ अंक पाएको छ । त्यस्तै गण्डकीले २३.०७, लुम्बिनीले १६.९९, कणालीले २०.९८ र सुदुर पश्चिम प्रदेशले २१.०८ अंक प्राप्त गरेको छ ।

प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मुल्याङ्कन कार्यविधि, २०७८ को दफा ७ को अधिनमा रही प्रदेश र स्थानीय तहका लागि निर्धारण गरिएको कार्यसम्पादन सूचकको मुल्याङ्कन गरी अंक प्रदान गरिएको आयोगले जनाएको छ । नतिजामा चित्त नबुझे ७ दिनभित्र आवश्यक आधार र प्रमाणसहित पुनरावलोकनका लागि आयोगमा निवेदन दिन सकिनेछ ।

वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं ।

- भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
- ठगहरुले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन्, त्यसैले आफ्नो भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडा उपमहानगरपालिका
११ नम्बर वडा कार्यालयको सूचना

बातावरण प्रदुषण रोकौं,
बातावरण प्रदुषणका कारणहरूः

- अव्यवस्थित औद्योगिकीकरण,
- प्राकृतिक स्रोत साधनको जथाभावी उत्खनन,
- जथाभावी फोहर विसर्जन,
- प्रदुषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वन-जङ्गलको विनाश,
- प्लाष्टिकको प्रयोग,
- प्लाष्टिकलगायत अन्य वस्तु जलाउनु,

यस्ता कार्य नगरौं/नगराऔं ।

११ नम्बर वडा कार्यालय
हेटौडा उपमहानगरपालिका,
हटीया, मकवानपुर